# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

## शाखा कार्यालय, धरान औद्योगिक क्षेत्र

## उद्योग स्थापनाका लागि मितिः२०८२/०३/३२ गते प्रकाशित सार्वजनिक सूचना संग सम्वन्धित शर्तहरु

प्रथम पटक प्रकाशित मिति : २०८२/०३/३२

१. दरखास्त फाराम खरिदः

प्रस्तावित नयाँ उद्योग र उद्यमीले रु १०००.००( एक हजार रुपैयाँ ) शुल्क भुक्तानी गरी ( फिर्ता नहुने ) प्रस्ताव फाराम खरिद गर्न सक्नुहुनेछ ।खरिद गरेको प्रस्ताव फाराम भरी प्रस्ताव साथ फाराम खरिद गरेको वैक भौचर पेश गर्नुपर्ने छ ।

२. **प्रस्ताव फाराम पाइने स्थानः** औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रिय कार्यालय, बालाजु तथा शाखा कार्यालय धरान औद्योगिक क्षेत्र, धरान-८ सुनसरी ।

३. सिलबन्दी प्रस्ताव दाखिला :

उद्योग गर्न चाहने उद्योगका संचालक/प्रस्तावदाताले प्रस्ताव फाराम प्रथम पटक प्रकाशित मितिले २१ औं, दिन अर्थात मिति : २०८२.०४.२० गते कार्यालय समय भित्र खरिद गर्न सक्नेछन् । उद्योगका संचालकले प्रस्ताव फारामको प्रत्येक पाना अध्ययन गरेर रितपुर्वक भरी सहीछाप गरी प्रस्तावमा उल्लेखित कागजपत्रहरु स्वयंद्वारा प्रतिलिपि प्रमाणित गरी पेश गर्नुको साथै बुँदा नं. ४ बमोजिम बैक दाखिला गरेको भौचर संलग्न गरी सो प्रस्ताव सिलबन्दी गरी खाम बाहिर उद्योग/फर्मको नाम, ठेगाना तथा प्लट नं प्रष्टसंग लेखि २२ औं दिन अर्थात मितिः २०८२/०४/२१ गते अपरान्ह १२:०० बजे भित्र बुँदा नं २मा उल्लेखित कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ ।

४. धरौटी :

४.१ प्रवेश शुल्क वापत ( एकपटकको लागि मात्र ) जग्गा प्रति रोपनी न्युनतम ( मु.अ.कर समेत ) रु.२८,२५०।०० (अट्ठाईसहजार दुईसय पचास ) निर्धारण गरिएको छ ।

४.२ प्रस्तावकले प्रस्ताव पेश गर्दा प्रतिस्पर्धा गर्ने प्रयोजनका लागि प्रवेश शुल्क गोप्यरुपमा बढी कबोल गर्न सक्नेछ । विनियम १४ बमोजिम प्रवेश शुल्कलाई मुल्यांकनको आधार बनाइएको छ ।

४.३ आफुले कबुल गरेको प्रवेश शुल्कको दर बमोजिम जम्मा हुन आउने प्रवेश शुल्कको २५ प्रतिशतले हुने रकम तथा लिजमा लिने जमिनमा निर्मित संरचना सहितको कबोल रकम (मु.अ.क.सहित) को १० प्रतिशतले हुन आउने एकमुष्ठ रकम यस कार्यालयको नाममा श्री एनआइसीएसिया वैक, शाखा कार्यालय, धरान को वैक खाता नं. २३४१११८५२५५२४००२ मा जम्मा गरेको सक्कल वैक भौचर प्रस्ताव साथ संलग्न गर्नुपर्नेछ

५. **प्रस्ताव खोलिने मिति र स्थानः** सार्वजनिक सुचना प्रकाशित भएको मितिले २२ औं दिन मितिः २०८२/०४/२१ गते दिउँसो २:०० बजे रितपूर्वक दाखिला भएका प्रस्तावहरु औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रिय कार्यालय, बालाजु तथा शाखा कार्यालय, धरान औद्योगिक क्षेत्रमा प्रस्तावदाता वा निजले लिखित पत्रसाथ पठाएको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।

६. <u>बिदा परेमा</u>: प्रस्ताव खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त दिनको पछि लगत्तै कार्यालय खुलेको दिनमा दर्ता वा खोलिने कार्य गरिनेछ ।

७. **कारवाही सम्वन्धि अधिकार** : प्रस्ताव स्वीकृत गर्ने वा कारवाही रद्ध गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

८. **प्रस्ताव माथि कारवाही नहुने**: सिलवन्दी भई नआएको, म्यादभित्र पेश हुन नआएको, विनियम ९ बमोजिम फिर्ता लिएको प्रस्ताव, विनियम ७ बमोजिम योग्य नभएको प्रस्ताव, आपसमा मिलोमतो गरी दाखिला भएको प्रस्ताव, रद्द भएको प्रस्ताव, सर्तसहितको प्रस्तावहरु माथि कारवाही हुने छैन ।

९. **कारवाही हुने**: नक्कली कागजात पेश गरेको पाईएमा प्रस्ताव खरिद गर्न वा दाखिला गर्न आएको व्यक्ति वा फर्म उपर प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१०. **हक हस्तान्तरण सम्बन्धमा** : औद्योगिक क्षेत्रमा नँया प्रवेश हुने उद्योग ५ (पाँच) बर्ष क्षेत्रमा पूर्णरुपमा संचालन नगरी हक हस्तान्तरण (सम्पत्ति बेचविखन) गर्न पाउने छैन ।

११. **अन्य जानकारी**: अन्य कुरा बुझ्न परेमा कार्यालय समयभित्र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड केन्द्रिय कार्यालय, संचालन महाशाखा, बालाजु तथा शाखा कार्यालय, धरान औद्योगिक क्षेत्रमा सम्पर्क गर्न सकिनेछ । यो सूचनाको विवरण औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको वेभसाईट www.izml.gov.np मा समेत उपलब्ध हुनेछ ।

१२. यस सूचनामा उल्लेख नभएका विषयहरुको हकमा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ (संशोधन सहित) एवं औद्योगिक क्षेत्र कार्य सञ्चालन तथा व्यवस्थापन निर्देशिका (संशोधन सहित), २०७१ साथै प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१३. **जग्गाको क्षेत्रफल तथा मुल्यांकित रकम** :

(क) तत्कालिन श्री नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. प्लट नं ३४ को ३ रोपनी जग्गामा निर्मित संरचना सहितको मुल्यांकित रकम (जमिन बाहेक) मु.अ.कर समेत रु.१,०६,६७३.०० (रूपैया एकलाख छहजार छसय त्रिहत्तर ) रहेको छ ।

(ख) प्रस्तावदाताले प्रस्ताव पेश गर्दा माथी उल्लेखित मुल्यांकन रकम बुझाउन कबोल गरी प्रस्ताव पेश गर्नु पर्नेछ । तर उक्त रकममा बढावढ हुने छैन। मूल्यांकित रकम भन्दा बढी कबोल गरेमा पनि प्रस्तावको मुल्याङ्कनमा कुनै अंक प्रदान गरिने छैन । तर मुल्याङ्कित रकम भन्दा कम रकम कबोल गरेमा प्रस्ताव स्वतः रद्द हुनेछ ।

१४. लिजमा उपलब्ध गराइने जमिनको नाप नक्सा (लोकेशन प्लान) प्रस्ताव फाराम साथ संलग्न गरिएको छ।

म. map of shree nepal news Network

